# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १४ गते २०१७ साल

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवारको विज्ञप्ति

मिति २१।१०।०१७

१. देशको आर्थिक विकासको काम सुव्यवस्थितरूपले संचालन गरी सर्वसाधारण जनताको जीवनस्तरमा क्रमशः वृद्धि गराई उचित्त अवधिमानै उनीहरूलाई सुखमय जीवन उपलब्ध गराउन आर्थिक योजना तथा विकास कार्यक्रम सम्बन्धमा अन्तिम निर्णय तथा निर्देशन दिन सर्वोच्च स्तरमा एक संगठन स्थापना गर्नु अत्यावश्यक भएकोले,

२. यस संगठनलाई आवश्यक प्रतिष्ठा दिई सफल तुल्याउन श्री ५ महाराजाधिराजबाटै यसको नेतृत्व गरिबक्सने छ र मौसूफको अध्यक्षतामा देहाय बमोजिम एक राष्ट्रिय योजना परिषद्को गठन गरिबक्सेको छ ।

३. आवश्यक अध्ययनको आधारमा आर्थिक विकास सम्बन्धी नीति निर्धारित गर्न व्यावहारिक विकास योजना तयार गराने, त्यसलाई अन्तिम स्वीकृति दिने, सूचारु रूपले कार्यान्वित गराउने र सो गर्दा आइपरेको वाधा अवरोध तुरुन्त हटाउने र योजनाको प्रगती हेर्न तथा मूल्यांकन गर्नसमेत यसको मुख्य काम हुनेछ ।

४. आवधिक तथा वार्षिक योजनाको खर्च निकासा दिने तिनमा प्रयोग गर्न राष्ट्रिय साधन तथा मित्र राष्ट्रहरूबाट प्राप्त सहायता बारे बांड फांट र निर्णय गर्न काम पनि यसै परिषद्को हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. यो परिषद् सर्वोच्च तहको भएकोले यसको निर्णय आदेश निर्देश मन्त्रिपरिषद्को निर्णय र निर्देश समान सर्वमान्य हुनेछ।

६. श्री ५ महाराजाधिराजको तरफबाट परिषद्को दैनिक रेखदेख गर्न र अरू आवश्यकीय काम गर्न आर्थिक मामलाको मन्त्रीलाई यसको उपाध्यक्ष मनोनीत गरिबक्सेको छ।

७. उक्त परिषद्को एक सचिवालय रहनेछ।

८. आवश्यकता परेमा अरु सदस्यहरू पनि थप हुन सक्ने छन्।

यो परिषद्का सदस्यहरू देहायका हुने छन्:—

| | |
|---|---|
| माननीय अर्थ मन्त्री | उपाध्यक्ष। |
| अरू माननीय मन्त्रीहरू | पदेन सदस्य। |
| श्रीखड्गनरसिंह राणा | सदस्य। |
| श्रीपूर्णबहादुर एम्. ए. | सदस्य। |
| श्रीदुर्गानन्दप्रसादसिंह थारू | सदस्य। |
| डाक्टर ध्रुबमान अमात्य | सदस्य। |
| ज. अर्जुनशमशेर ज. ब. राणा | सदस्य। |
| डा. मेखबहादुर थापा | सदस्य सचिव |

हुकूम बक्से बमोजिम,
सरदार हंसमानसिंह,
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

502

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।